# कोभिड-१९ महामारीको सन्दर्भमा मानव अधिकार संरक्षण

कार्यविधि, २०७८

## राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

# राष्ट्रिय मानव अधिकार आयोग

## कोभिड-१९ महामारीको सन्दर्भमा मानव अधिकार संरक्षण

# कार्यविधि, २०७८

कोभिड-१९ को संक्रमण विश्वभर फैलिरहेको छ । हाल यसको नयाँ भेरियन्टबाट प्रभावित तथा दोस्रो लहर समेत नेपालमा फैलिरहेको सन्दर्भमा संक्रमित हुनेको सङ्ख्या र मृत्युदर बढिरहेको छ । नागरिकको मौलिक हक संरक्षण र परिपूर्तिको सुनिश्चितताको लागि कार्य गर्नु आयोगको संवैधानिक दायित्व हो । कोभिड-१९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपाल, नेपाल चिकित्सक संघ, नेपाल मेडिकल काउन्सिल तथा मानव अधिकार क्षेत्रमा क्रियाशील अन्य पेशागत र विषयगत महासंघहरु तथा संजालहरुका प्रतिनिधिहरु सम्मिलित मानव अधिकार संरक्षण समितिहरुको गठनगरी सहकार्यलाई अझ व्यवस्थित गर्न तथा निषेधाज्ञा/बन्दाबन्दीको समयमा समेत मानव अधिकारको सम्मान, प्रवर्धन, संरक्षण र प्रत्याभूतिका उद्देश्यलेराष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १८ र ३२(२)अनुसार यो कार्यविधि जारी गरी लागु गरिएको छ ।

### १. कार्यविधिको नाम :

(क) यो कार्यविधिको नाम **कोभिड-१९ महामारीको सन्दर्भमा मानव अधिकार संरक्षण कार्यविधि, २०७८** रहेको छ ।

(ख) यो कार्यविधि आयोगले पारीत गरेपश्चात् कोभिड-१९ महामारीकोअवधिमा मानव अधिकार अवस्थाको अन्तिम अनुगमन प्रतिवेदन प्रकाशन नभएसम्म लागु हुनेछ ।

### २. समितिहरुको गठन :

कोभिड-१९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकार अवस्थाको अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एसोशियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपाल, नेपाल चिकित्सक संघ, महिला, बालबालिका, दलित लगायतका विभिन्न समूहगत राष्ट्रिय सञ्जालका प्रतिनिधि सम्मिलित निम्नबमोजिम तीन तहका समिति निर्माण हुने छन् :

**(क)**कोभिड-१९ को सन्दर्भमा राष्ट्रिय नीतिगत परामर्श तथा सुझाव समिति

**(ख)** कोभिड-१९ को सन्दर्भमा प्रदेशस्तरीय परामर्श तथा अनुगमन समिति

**(ग)**कोभिड-१९ को सन्दर्भमा जिल्लास्तरीय मानव अधिकार अवस्था अनुगमन समिति

- तीनै तहका सरकारी निकायका प्रतिनिधिहरुलाई आवश्यकता अनुसार समितिहरुको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।
- आवश्यकता अनुसार विभिन्न संघसंस्थाका प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।
- जिल्लास्तरीय समितिमा सरकारी निकायका प्रतिनिधिहरुबाट मानव अधिकार संरक्षण कार्यका लागि आवश्यक सहयोग लिन सकिनेछ ।

**(घ)**राष्ट्रिय नीतिगत परामर्श तथा सुझाव समितिमा राष्ट्रिय मानव अधिकार आयोगका अनुगमनको कार्य हेर्ने आयोगको सदस्य संयोजक रहनेछन् । यस समितिमा अन्य संवैधानिक निकायका प्रतिनिधिहरु, पेशागत संघसंस्थाका अध्यक्ष, मानव अधिकारसम्बन्धी विषयगत महासंघ/संजालका अध्यक्ष, विज्ञ तथा विभिन्न मानव अधिकार संस्थाका प्रतिनिधिहरु आवश्यकता अनुसार रहनेछन् । आयोगका सचिव, संरक्षण विभाग प्रमुख सदस्यको रूपमा कार्य गर्नेछन् । आयोगका समन्वय विभागका प्रमुख सदस्य-सचिवको रूपमा कार्य गर्नेछन् ।

**(ङ)**प्रदेशस्तरीय अनुगमन समितिमा आयोगका प्रदेश कार्यालय प्रमुखको संयोजकत्वमा आयोगका प्रदेश शाखा कार्यालयका प्रमुख सदस्य,नेपाल चिकित्सक संघ, नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघका प्रदेश संयोजक/अध्यक्ष वा निजले तोकेको प्रतिनिधि तथा अन्य मानव अधिकार संरक्षण क्षेत्रमा क्रियाशील प्रदेशस्तरीय महासंघ, सञ्जाल वा संघसंस्थाका प्रतिनिधिहरु आवश्यकताअनुसार रहनेछन ।

**(च)**जिल्लास्तरीय अनुगमन समितिमा नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघका प्रतिनिधिहरु लगायत मानव अधिकार क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुको प्रतिनिधि आवश्यकता अनुसार रहनेछन् ।सो समितिको संयोजक प्रतिनिधिहरुले आफैं छनौट गर्नेछन् । प्रदेश तथा प्रदेश शाखा कार्यालय अन्तर्गत रहेका जिल्लाहरूको जिल्लास्तरीय अनुगमन समितिमा प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयको प्रमुखले तोकेको अधिकृतहरू सदस्य-सचिवको रूपमा रही कार्य गर्नेछन् ।

**(छ)**आयोगको प्रदेश कार्यालयले जिल्ला अनुगमन समिति गठन गर्न आवश्यक समन्वय गर्नेछन् ।

**(ज)**समितिहरुको बैठक कम्तिमा महिनाको दुईपटक भौतिक रुपमा वा भर्चुअल माध्यम वा भिडियो कन्फ्रेस गरी बस्ने र आवश्यकता अनुसारसो भन्दा बढी पनि बस्न सकिनेछ ।

## ३ अभिलेखिकरण तथा प्रतिवेदन समिति

(१) आयोगले अन्य निकाय तथा संस्थाहरुसँग सहकार्य गर्ने सम्बन्धमा उपयुक्त बन्दोबस्त मिलाउन र मानव अधिकार अवस्था अनुगमन तथा अभिलेखिकरण र प्रतिवेदन प्रयोजनको लागि आयोगभित्रआयोगको केन्द्रिय कार्यालयमा देहाय अनुसारको एक समिति गठन हुनेछ :

(क) संरक्षण विभागका विभागिय प्रमुख - संयोजक

(ख) अनुसन्धान महाशाखा प्रमुख, - सदस्य

(ग) सामूहिक अधिकार महाशाखा प्रमुख, - सदस्य

(घ)सञ्चार, सूचना, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा प्रमुख, - सदस्य

(ङ) प्रदेश कार्यालय समन्वय महाशाखा प्रमुख- सदस्य

(च)सुरक्षा एकाई प्रमुख - सदस्य

(छ) अन्तराष्ट्रिय सन्धि अनुगमन महाशाखा प्रमुख - सदस्य-सचिव

(२) यस प्रयोजनको लागि समितिको संयोजकको परामर्श अनुसार सचिवले आवश्यकता अनुसार आयोगका कर्मचारीहरुलाई समेत मानव अधिकार अवस्था अनुगमन, अभिलेखिकरण तथा प्रतिवेदन तयारीको काममा लगाउन सक्नेछन् ।

**४. अनुगमनका क्षेत्र**

समितिहरुले कोभिड-१९ बाट उत्पन्न जटिल परिस्थितिको सेरोफेरोमा मानव अधिकारको तपशिलबमोजिमको अवस्था अनुगमन गर्नेछन् :

(क.)कोभिड-१९ को सन्दर्भमानेपाल सरकार, प्रदेश सरकारहरु तथा स्थानीय सरकारहरुबाट भइरहेका कार्यहरुको अवस्था,

(ख.)जीवनको अधिकार, बिरामीहरुको स्वास्थ्य उपचार, स्वास्थ्य सामग्रीको उपलब्धता, औषधीहरुको उपलब्धता, स्वास्थ्यकर्मीको मनोबल, सरकारी तथानिजी अस्पतालको भूमिका रकोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु,

(ग.) विपन्न वर्गको जीवनयापनको समस्या, खाद्यान्नको अधिकार, राहत वितरण र उपभोक्ताको समग्र अधिकार,

(घ.)नागरिकहरुको न्याय प्रशासनमा पहुँच,

(ङ.)आवत जावतमा परेको समस्या, सीमामा आइपुगेका नेपालीको समस्या,

(च.)सञ्चार माध्यमको भूमिका, सामाजिक सञ्जालको प्रयोग/सदुपयोग/दुरुपयोग,

(छ.) नागरिक सचेतना र नागरिक कर्तव्य,

(ज.) नागरिक समाज र मानव अधिकारकर्मीको भूमिका,

(झ.)अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता,

(ञ.) महिला हिंसा, लैङ्गिक हिंसा विरुद्धको अधिकार,

(ट.) आप्रवासी कामदारको अधिकार,

(ठ.) कारागार र हिरासत कक्षका कैदीबन्दीका अधिकार,

(ड.) मानसिक स्वास्थ्यको अवस्था

(ढ.) कोभिड-१९ र निषेधाज्ञा/बन्दाबन्दीका कारण प्रभावित अन्य अधिकारहरुको अवस्था ।

**५. अनुगमन र प्रतिवेदन विधि :**

(क.)कोभिड-१९ को सन्दर्भमा मानव अधिकारको अवस्था अनुगमनका लागि आयोगबाट तयार भएको अनुगमन 'चेकलिष्ट' प्रयोग गरिनेछ ।

(ख.)निषेधाज्ञा/बन्दाबन्दीको समयावधिमा भिडियो कन्फ्रेरेन्स, टेलिफोन वार्ता, स्थलगत अध्ययन तथा अन्य उपलब्ध माध्यमबाट सूचना संकलन गर्नेछन् ।

(ग.)समितिलाई प्राप्त सूचनाको समितिका सदस्यहरुले पुष्ट्याइँ गरेपछि मात्र प्रयोगमा ल्याइनेछन् ।

(घ).निषेधाज्ञा/बन्दाबन्दीपश्चात्को अवस्थामा अतिआवश्यक परेमा (अस्पताल, क्वारेण्टाइन, आइसोलेशन वार्ड तथा अति संवेदनशील स्थान बाहेक) माथिल्लो समिति वा निकायको पूर्वअनुमति लिई फिल्ड अनुगमन गर्न पनि सकिनेछ ।

(ङ.)स्थानीय तहमा देखा परेका मानव अधिकारसम्बन्धी समस्याहरुलाई अभिलेखीकरण गर्न, मानव अधिकारको दृष्टिकोणबाट समाधान गर्न र सूचनाहरु संकलन गरी माथिल्लो समितिमा पेश गर्न समितिहरुले भूमिका खेल्नेछन् ।

(च.)कुनै विषयमा राज्यका कुनै निकाय वा सरोकारवालालाई लिखित ध्यानाकर्षण गराउनुपर्ने भएमा समितिहरुले आयोगका कार्यालयहरुमा सूचना संप्रेषण गर्नेछन् । आयोगबाट आवश्यकता अनुसार लिखित पत्राचार, प्रेश विज्ञप्ती प्रकाशन वा मौखिक ध्यानकर्षण गराइनेछ ।

(छ.)कोभिड-१९ को सन्दर्भमा गरेका समग्र कार्यहरुको समितिहरुले प्रतिवेदन तयार गरी एक तह माथिको समितिमा पेश गर्नेछन् । तल्लो तहबाट प्राप्त प्रतिवेदनको समीक्षा गरी समितिहरुले माथिल्लो समितिमा पेश गर्नेछन् ।

(ज.)अभिलेखिकरण तथा प्रतिवेदन समितिले यस कार्यविधि अनुसार सम्पन्न सम्पूर्ण कामहरुको अन्तिम प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नेछ । आयोगले सो प्रतिवेदन आवश्यक सिफारिस सहित नेपाल सरकारलाई पठाइनुका साथै सार्वजनिक समेत गर्नेछ ।

(झ.)अनुगमन तथा प्रतिवेदन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा आयोगका अध्यक्ष वा अनुगमन हेर्ने सदस्यको निर्देशनबमोजिम कार्य गर्नुपर्नेछ ।

**६. आचारसंहिताको पालना :**

अनुगमन समितिका सदस्यहरुले निम्नबमोजिम आचारसंहिताको पालना गर्नुपर्नेछ :

(क.)कोभिड-१९ को सन्दर्भमा मानव अधिकारको अवस्था अनुगमनका लागि बनेका सबै समितिहरु राष्ट्रिय मानव अधिकार आयोग अन्तर्गतका समितिका रुपमा रहनेछन् ।

(ख.समितिका सदस्यहरुले राष्ट्रिय मानव अधिकार आयोगको नीति, नियम तथा मानव अधिकार सम्बन्धी मापदण्ड र नेपाल कानुनको पालना गर्नुपर्ने छ ।

(ग.)समितिबाट गरिने सबै कार्यहरुको पत्राचार, सूचना संप्रेषण, प्रतिवेदन प्रकाशन आयोगको कार्यालय मार्फत हुनेछ ।

(घ.आयोगको पोशाक, लोगो, प्रतिक चिन्ह, लेटरप्याड, स्टाम्पको कसैबाट पनि अनाधिकृत रुपमा प्रयोग हुने छैन ।

(ङ.)आफूलाई समितिको प्रतिनिधिको रुपमा परिचयगराउन बाहेक कसैले पनि समितिको नाममा छुट्टै लेटरप्याड, प्रतिक चिन्ह र स्टाम्प बनाउने, कार्यालय खोली सञ्चालन गर्ने र बोर्ड राख्ने कार्य गर्न पाइने छैन ।

(च.)आयोगको पूर्व अनुमति नलिई समिति वा समितिका सदस्यले गरेको कुनै खर्चको व्ययभार आयोगले वहन गर्ने छैन ।

**७. विविध :** आयोगले यस कार्यविधिमा आवश्यकता अनुसारसंशोधन गर्न सक्नेछ ।

**८.खारेजी र बचाउ** : कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन नेटवर्कको कार्यविधि, २०७६ खोरजी गरिएको छ । उक्त कार्यविधि बमोजिम गरिएका अनुगमन र प्रतिवेदनलाई यसै निर्देशिका बमोजिम निरन्तरता दिइने छ ।